# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र सङ्ख्या :- २०८१।०८२
चलानी नं. :- ११२

मितिः- २०८१।०४।२३

विषयः- विज्ञ सूचीमा सूचिकृत सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिका स्थित सामुदायिक विद्यालयहरुमा विभिन्न तहमा रिक्त हुने सबै प्रकारका शिक्षक पदमा करार शिक्षक छनौट गर्ने एवम् शिक्षक बैंक निर्माण गर्ने प्रयोजनार्थ तोकिएका योग्यता पुगेका दाङ्ग जिल्लामा अवस्थित सामुदायिक विद्यालयहरु मध्येबाट कार्यरत शिक्षकहरुको विषय विज्ञमा सूचिकृत गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र स्थायी नियुक्तिपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि , नागरिकता प्रमाण-पत्रको प्रतिलिपि सहितका कागजात शिक्षा शाखामा निवेदन सहित पेश गर्नुहुन गाउँ शिक्षा समिति बबईको मिति २०८१।०४।०५गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

१. आधारभूत तह कक्षा (१- ५)

आधारभूत तह कक्षा (१-५) अन्तर्गत करार शिक्षक छनौट विज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति लिई कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका तथा वि.एड. वा सो सरहको शैक्षिक योग्यता पुगेका आधारभूत तह र माध्यामिक तहका शिक्षकहरु,

२. आधारभूत तह कक्षा (६-८) का लागिः-

आधारभूत तह कक्षा (६-८) अन्तर्गतको करार शिक्षक छनौट विज्ञको लागि सम्बन्धित तह र विषयमा स्थायी नियुक्ति लिई कम्तिमा ५(पाँच) वर्ष स्थायी सेवा गरेका तथा सम्बन्धित विषयमा कम्तिमा शिक्षाशास्त्र संकायमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई १ वर्षे B. ed .गरेका ।

३. माध्यमिक तह (९-१०) का लागिः-

माध्यमिक तह कक्षा (९ – १०) अन्तर्गतका करार शिक्षक छनौट विज्ञको लागि सम्बन्धित तह र विषयमा स्थायीं नियुक्ति भई कम्तिमा ५(पाँच) वर्ष स्थायी सेवा गरेका तथा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी एक वर्षे B.ed. गरेका शिक्षा विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका ।सम्बन्धित तहमा नियुक्ति लिई १० वर्षको सेवा अवधि भएका स्नातक तह गरेका ।

४. माध्यमिक तह (११-१२)का लागिः-

माध्यमिक तह कक्षा ११ र १२ मा शिक्षक छनौट गर्ने प्रयोजनको लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण तथा कम्तिमा ३ वर्ष अनुदान दरबन्दीमा कक्षा (११ र १२) मा रही कार्यरत करार शिक्षकले निवेदन दिन सक्ने।

५. माध्यमिक तह ९-१२ मा प्राविधिक धार तर्फको करार शिक्षक छनौटका लागि सम्बन्धित तह र विषयमा स्नातकोत्तर तह उत्तीर्ण तथा कम्तिमा ३ वर्ष अनुदान दरबन्दिमा रही कार्यरत करार सहायक प्रशिक्षक, प्रशिक्षक र वरिष्ठ प्रशिक्षकले निवेदन दिन सक्नेछन ।

६. दरखास्त दस्तुर रु १५००।(अक्षरेपि एकहजार पाँच सयमात्र ) गाउँपालिकाको खातामा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

७. थप जानकारीका लागि शिक्षा शाखामा सम्पर्क गर्नहुन ।

पुनश्चः- दाङ्ग जिल्ला भरिका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकले आवेदन दिन सक्नेछन् ।

(चेत नारायण खड्का)
प्रमुख प्रशासकीय अधिकृत

# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

---

### विषय विज्ञको लागि निवेदकले भर्ने फाराम

फोटो

निवेदकको नाम, थरः-

बुबाको नाम, थरः-

बाजेको नामः-

ठेगानाः-

कार्यरत विद्यालयः-

तह/श्रेणीः-

स्थायी नियुक्ति मितिः-

राहत अनुदान नियुक्ति मितिः-

सम्पर्क नं –

Email:-

शैक्षिक योग्यताः-

मुख्य विषयः-

विषय विज्ञ हुन चाहेको तह र विषयः-

रुजु सूची

| शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिप | नियुक्ति पत्रको प्रतिलिपि | सम्बन्धित तह र विषय अध्यापन गरिरहेको पत्र | अध्यापन अनुमति पत्र | राजश्व भौचर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

रुजु गर्नेको हस्ताक्षर

निवेदकको हस्ताक्षरः-

मितिः-